| २०७७ बैशाख १ देखि असोज ३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७२ | ६४ | २०६ | ३९ | ३६ | ११ | ६४ | ० | २०३ | ३७५ | १०० | ४२० |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज ३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७० | ६४ | २०५ | ३६ | ३५ | ९ | ३४ | ० | ८४ | ३४० | ९९ | २९८ |
| **२०७७ असोज ३ देखि ४ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

# दैनिक विपद् बुलेटिन

३ असोज विहान १०:०० बजेदेखि ४ असोज बिहान १०:०० बजेसम्म

**नेपालमा** विभिन्न जिल्लामा गरेर आज ५ स्थानमा **आगलागी,** ३ स्थानमा **अबिरल वर्षा,** १ स्थानमा **पहिरो,** १ स्थानमा **जनावर आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर २ जना **घाईते** भएका छन् । **आगलागी**का कारण २ **करोड ५८ लाख रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | १० | २ | २,५८,००,००० | ० | १ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १० वटा घट्ना भएका छन् ।
- **जुम्ला**को गुठिचौर गाउँपालिका वडा नं ३ स्थित गिरीमिला जंगलमा निगाला काट्न गएको अवस्थामा १ **जनालाई जंगली भालुले आक्रमण गर्दा गम्भिर घाईते** ।
- **नुवाकोट**को किस्पाङ गाउँपालिका वडा नं १ भाल्चे घर भई एलागाँउमा भेडा गोठ राखी बस्दै आएका एक व्यक्ति घर बाहिर गएको बेला अँगेनाबाट आगो सल्की गोठमा **आगलागी** भई आगो निभाउन जाँदा निजको शरिर आगोले पोली **घाईते** । क्षतिको विवरण आउन बाँकि ।
- **बारा**को थप बिवरण मिति २०७७।०६।०२ गते जितपुरसिमरा उपमहानगरपालिका वडा नं ९ छातापिपरा स्थित आरति भेजिटेबल प्रोडक्ट्स कम्पनी (तेल फ्याक्ट्री) को ALFA D.O.को भल्ब लगाउँदा भल्व हिट भइ भएको आगलागीबाट २ **करोड रुपैंया** बराबरको क्षति ।
- **गुल्मी**को मुसिकोट नगरपालिका वडा नं १ सिम्लेस्थित एक गोठ **अविरल बर्षा**को कारण भत्कीन गई १ वटा भैसीको पुरिएर मृत्यु ।

## घट्ना सारांश...

- **मोरङ्गको** लेटाङ्ग नगरपालिका वडा नं ९ जाँते फेसबुक चोकस्थित एक घरमा अचानक विद्युत सर्ट भई **आगलागी** हुँदा घर, घरभित्र रहेको अन्नपात लत्ताकपडा, भाँडावर्तन, सुन, चाँदी जली **५० लाख रुपैंया** बराबरको क्षति ।
- **धनुषा**को जनकपुर उपमहानगरपालिका वडा नं १२ कटैया चौरीस्थित एक घरको कोठामा अचानक विद्युत सर्ट भई **आगलागी** हुँदा लत्ताकपडा, फर्निचर गरी **२ लाख रुपैंया** बराबरको क्षति ।
- **स्याङ्जा**को वालिङ नगरपालिका वडा नं ४ पाउदुर केराबारीस्थित एक गोठ **अविरल बर्षा**को कारणले पूर्णरुपमा भत्किदा **३ लाख ९० हजार रुपैंया** बरावरको क्षति ।
- **नवलपरासी पश्चिम**को प्रतापपुर गाउँपालिका वडा नं १ कजरहियास्थित एक कच्ची घर **अबिरल बर्षा**को कारण भत्किदा **६० हजार रुपैंया** बराबरको क्षति ।
- **कैलाली**को कैलारी गाउँपालिका वडा नं ६ स्थित एक घरमा डेरामा बसेका व्यक्तिको कोठामा रहेको ग्यांस लिक भइ **आगलागी** हुँदा कोठाभित्र रहेका लत्ताकपडा, खाद्यान्न, भाडावर्तन समेत जली **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **धादिङ्ग**को गल्छि गाउँपालिका वडा नं ६ सुत्केरी ढुङ्गास्थित **पृथ्वी लोकमार्ग**मा नम्बर नखुलेको पेट्रोलियम पदार्थ बोकेको ठ्याङ्करमा **आगलागी** भई सडकबाट त्रिशुली नदिमा खसेको । गाडी पानीको भागमा उत्तानो अवस्थामा जलिरहेको ।
- **प्युठान**को गौमुखी गाउँपालिका वडा नं २ अर्खास्थित मसानघाट घट्टेखोलामा रहेको वडा नं १ र २ जोड्ने झोलुङ्गे पुल बर्षाको कारण **पहिरो** आई पूर्णरुपमा क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागी र जनावर आक्रमणका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

असोज-०४ (आईतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घट्ने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती , पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घट्ने तथा सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज राती प्रदेश १ को संखुवासभा, ओखलढुङ्गा, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, पर्बत, म्याग्दी, बागलुङ, प्रदेश ५ को रोल्पा, रूकुम, प्यूठान, कर्णाली प्रदेशको सल्यान, सुर्खेत र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारका केही स्थानमा क्षणिक मध्यम बर्षा भई बहाब केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइट:http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज ०३ गते बिहान ०८:४५ बजे देखि असोज ०४ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/०४ गते बिहान ०८:४५ बजे २०१ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ८१ र स्वचालितः १२०) मा मापन गरिएको वर्षाको विवरण अनुसार ४९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (२०.८ मि. मी.) सुर्खेत जिल्लाको ईत्तराम केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**